मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २० गते बुधबार ❑ 4 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## उत्साहपूर्ण रूपमा मतदानमा भाग लिन आयोगको अनुरोध

**रासस**
काठमाडौं, १९ फागुन

राष्ट्रिय मानवअधिकार आयोगले उत्साहपूर्ण रूपमा मतदानमा भाग लिन अनुरोध गरेको छ।

आयोगले निर्वाचन लोकतन्त्रको अभिन्न अङ्ग मात्र नभएर यो मानव अधिकारको सवाल भएकाले उत्साहपूर्ण रूपमा सहभागी हुन र आफ्नो मताधिकारको उपभोग गर्न आयोग सम्पूर्ण मतदाताहरूलाई अनुरोध गरेको हो। साथै, मौन अवधि सुरु भइसकेको सन्दर्भमा निर्वाचन आचारसंहिताको पालना गर्न आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "आगामी फागुन २१ गते हुने निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित, विश्वसनीय र मानव अधिकारमैत्री हुनेछ भन्ने आयोगले अपेक्षा र विश्वास लिएको छ।"

आयोगले निर्वाचनको अवधिमा स्वास्थ्य सेवा, एम्बुलेन्स, शववाहन, सञ्चार, पानी, दूध, इन्धन आपूर्ति, असक्त मतदाताहरूका लागि सवारीसाधन तथा हवाई उडानजस्ता अत्यावश्यक सेवाहरूलाई सुचारुरूपले सञ्चालन गर्न गराउनसमेत आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गरेको छ।

"निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गराउनु सरकारको दायित्व हो भने यस कार्यलाई सघाउनु राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, अधिकारकर्मी, सञ्चारकर्मी तथा आमनागरिकको कर्तव्य हो", आयोगले भनेको छ, "निर्वाचन अवधिमा देशको शान्ति सुरक्षामा आवश्यक सतर्कता अपनाई निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र मानव अधिकारमैत्री बनाउन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ।" आयोगले राजनीतिक दल तथा अन्य कसैले पनि मौन अवधिमा कुनै पनि अवाञ्छित गतिविधि नगर्न र सम्भावित अवाञ्छित क्रियाकलापलाई रोक्न आयोग नेपाल सरकार र निर्वाचन आयोगलाई आग्रह गरेको छ। यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनको दिनको अनुगमनका लागि आयोगले देशैभर अनुगमन टोली खटाएको जनाएको छ। आयोगले काठमाडौँ उपत्यका तथा उपत्यका बाहिरका अन्य केही जिल्लाहरूमा निर्वाचन अनुगमनका लागि आयोगका अध्यक्ष, सदस्य तथा पूर्वपदाधिकारी सम्मिलित उच्चस्तरीय अनुगमन टोलीसमेत बनाएको छ।

यसअघि, आयोगले विभिन्न जिल्लाहरूमा निर्वाचनपूर्वको अनुगमन गरी प्राप्त तथ्यको अधारमा नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, उम्मेदवार तथा अन्य सरोकारवालालाई ध्यानाकर्षण गराइसकेको छ।

## मौन अवधिमा आचारसंहिता पूर्ण रूपमा पालना गर्न कास्की प्रशासनको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

जिल्ला प्रशासन कार्यालय कास्कीले सोमबार राति १२:०० बजेदेखि निर्वाचनको मौन अवधिमा सुरु हुने भएकाले आचारसंहिता पूर्ण रूपमा पालना गर्न आग्रह गरेको छ।

कार्यालयका तर्फबाट सोमबार जारी सूचनामा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार राति १२:०० बजेदेखि मौनअवधि लागू हुने जानकारीसहित निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउनका लागि मौन अवधिलाई पालना गर्न/गराउन सबैलाई आग्रह गरेको हो। मौन अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि छलफल, अन्तर्क्रिया, सभासम्मेलन, कार्यशाला, गोष्ठी गर्न नपाइने कार्यालयले जनाएको छ। मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा सेयर गर्न गर्न/गराउन वा प्रतिक्रिया दिन नहुने सूचनामा जनाइएको छ।

पदाधिकारी, कर्मचारी तथा निकायले मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तर्क्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित सामूहिक छलफल गर्न नहुने, राजनीतिक दल, उम्मेदवार र दलका भ्रातृ सङ्गठनले निर्वाचन प्रचारप्रसारका लागि जुलुस, आमसभा वा कोणसभा गर्न नपाइने, सञ्चारमाध्यममा कुनै प्रकारका प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न नपाइने र घरदैलो कार्यक्रम गर्न नपाइने प्रशासनले जनाएको छ। सञ्चार प्रतिष्ठानसम्बद्ध कर्मचारी तथा पत्रकारले मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दल वा उम्मेदवारका निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नपाइने र राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा अतिरिक्त 'टकसो', टिप्पणी, विश्लेषण, प्रश्नोत्तरलगायत कार्यक्रम गर्न नहुने सूचनामा उल्लेख छ। निर्वाचन प्रचारप्रसार प्रयोजनका लागि राजनीतिक दल, उम्मेदवार वा निजका प्रतिनिधिले प्रयोग गर्ने अनुमति पाएका सवारीसाधन मौन अवधिमा प्रयोग गर्न नहुने पनि प्रशासनले जनाएको छ।

## गण्डकीमा निर्वाचन सुरक्षा चुस्त

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

आगामी बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन गण्डकी प्रदेशका ११ वटै जिल्लामा सुरक्षा व्यवस्था चुस्त पारिएको छ। प्रदेश निर्वाचन सुरक्षा कमाण्ड पोष्टका संयोजक एवं गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेले निर्वाचन लक्षित सुरक्षा तयारी पूरा भएको बताउनुभयो।

"शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गराउन सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइएको छ", उहाँले भन्नुभयो, "निर्धक्क भएर मतदानमा सहभागी हुन सबै मतदाताहरूमा आह्वान गर्दछौँ।" सोमबार सबै मतदानस्थलमा सुरक्षाकर्मी पुगिसकेको उहाँले बताउनुभयो।

मतदानको दिन नजिकिँदै गर्दा सुरक्षाका दृष्टिबाट कुनै कमी हुन नदिन सुरक्षा निकाय लागिपरेको संयोजक घिमिरेले बताउनुभयो। एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार सुरक्षाकर्मी परिचालन गरिएको उहाँको भनाइ छ। जिल्ला कमाण्ड पोष्टसँगको समन्वयमा मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी सुरक्षा विश्लेषणसहित आवश्यक रणनीति तयार गरिएको उहाँले बताउनुभयो। "गण्डकी प्रदेशमा ठूलो सुरक्षा चुनौती छैन, सुरक्षा विश्लेषण र निगरानीको काम नियमित भइरहेको छ", संयोजक घिमिरे भन्नुभयो, "सोमबारदेखि मतदानस्थल केन्द्रित सुरक्षा तयारी सुरु भएको छ।"

गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक तुलबहादुर कार्कीले सोमबार सबै मतदानस्थलमा प्रहरीको सुरक्षा टोली परिचालन भएका जानकारी दिनुभयो। एकीकृत निर्वाचन सुरक्षा योजनाअन्तर्गत प्रदेशभर सात हजारभन्दा बढी नेपाल प्रहरी परिचालित भएको उहाँले उल्लेख गर्नुभयो। "मतदानस्थलमा गर्नुपर्ने सुरक्षाको पूर्वतयारीमा नेपाल प्रहरी जुटेको छ, निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातवारणमा सम्पन्न गराउन नेपाल प्रहरी तयार छ", प्रवउ कार्कीले भन्नुभयो। उहाँले निर्वाचनका बेला शङ्कास्पद गतिविधि गर्ने व्यक्ति र समूहलाई निगरानीमा राखिएको बताउनुभयो। सुरक्षा व्यवस्था चुस्त पारिएकाले निर्वाचन शान्तिपूर्ण र भयरहित हुनेमा कुनै आशङ्का गर्नुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले मतदानस्थलको अनुगमन र सुरक्षा विश्लेषणका आधारमा सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याइएको बताउनुभयो। नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको जनशक्ति निर्वाचनको सुरक्षामा खटिएको उहाँको भनाइ छ। नेपाली सेना र सशत्र प्रहरी बलले प्रदेशका हरेक निर्वाचन क्षेत्रमा सुरक्षा बेस स्थापना गरी सुरक्षा निगरानी बढाएको छ। प्रदेशभर एक महिनाअघि नै निर्वाचन केन्द्रित सुरक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो। निर्वाचन सुरक्षालाई दृष्टिगत गरी सुरक्षा निकायले नियमित गस्ती र सुरक्षा निगरानी बढाइरहेका छन्।

एकीकृत निर्वाचन सुरक्षा योजनाबमोजिम नेपाल प्रहरी मतदानस्थलको भित्री घेराको सुरक्षामा खटिने जनाइएको छ। नेपाली प्रहरीसँगै निर्वाचन प्रहरी पनि पहिलो तहको सुरक्षा घेरामा परिचालित हुनेछ। दोस्रो तहको सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र सुरक्षा घेराको बाहिरी तहबाट नेपाली सेनाले सुरक्षा प्रदान गर्नेछ। मतदानको दिन आउन दुई दिन बाँकी रहँदा प्रदेशभर निर्वाचन सुरक्षादेखि अन्य व्यवस्थापकीय काम अन्तिम चरणमा पुगेको जनाइएको छ।

निर्वाचन सम्पन्न गर्न झण्डै २१ हजार कर्मचारी र स्वयंसेवक परिचालन गरिएको छ। अठार निर्वाचन क्षेत्र रहेको यस प्रदेशमा ३० स्वतन्त्र उम्मेदवारसहित २३४ जना उम्मेदवार चुनावी मैदानमा छन्। प्रदेशभर कुल १८ लाख ७० हजार ६५ मतदाता, एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन्।

## अस्पताल स्थापनाको ३३ वर्षसम्म ४३ लाख नागरिकलाई सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

पोखरा महानगरपालिका-१७ घारीपाटनस्थित नेपाल नेत्रज्योति सङ्घ, हिमालय आँखा अस्पतालले आफ्नो स्थापनाको ३३औँ वर्षमा आइपुग्दा ४३ लाख नागरिकलाई सेवा प्रदान गरेको जनाएको छ।

अस्पतालको ३३औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा अस्पतालका मेडिकल डाइरेक्टर डा बबिता गुरुङले २०४९ सालमा स्थापित अस्पतालले हालसम्म ४३ लाख नागरिकको जीवनमा उज्यालो छरेको जानकारी दिनुभयो। उहाँका अनुसार अस्पतालमा सन् २०२५ मा मात्रै दुई लाख ४७ हजार ५८५ जनाले सेवा लिएका छन् भने १५ हजार ८४१ जनाको शल्यक्रिया गरिएको छ। अस्पताल व्यवस्थापन समिति

बाँकी अन्तिम पृष्ठमा ▶▶


## शंकास्पद बस्तु निर्वाचन कर्मचारीको झोला भएको पुष्टि

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

पोखराको पर्यटकीय क्षेत्र लेकसाइडमा मंगलबार एक छिनको हतारले करिब तीन घण्टा तनाव सिर्जना भयो। शंकास्पद वस्तुका रूपमा भेटिएको झोला अन्ततः निर्वाचनमा खटिएका कर्मचारीको भएको पुष्टि भएपछि अवस्था सामान्य भएको छ।

पोखरा महानगरपालिका-६, लेकसाइडस्थित स्ट्रिट नम्बर ४१ को लालुपाते मार्गमा रहेको एक टेलरिङ पसलमा पूर्वाह्न करिब ११ बजे अज्ञात व्यक्तिले झोला राख्नु भएको थियो। पसल सञ्चालकले नराख्न आग्रह गर्दा पनि एक व्यक्तिले हतारमा झोला छाडेर पामेमा गएर बेलुका आउछु भन्दै हतार हतार गर्दै वाइकमा हिडे पछि केहीबेरमा झोलाबाट धुवाँजस्तो ग्यास निस्किन थालेपछि पसल संचालक सन्तोष परियार त्रसित भई झोला सटर बाहिर फालेर प्रहरीलाई खबर गर्नु भएको थियो। घटनाको सूचना पाएलगत्तै प्रहरी र नेपाली सेनाको बम डिस्पोजल टोली घटनास्थल पुगेर क्षेत्रलाई सिल गरेको थियो। करिब तीन घण्टा कडा सुरक्षा व्यवस्थाका बीच शंकास्पद वस्तु निस्तेज पार्ने तयारी भइरहेका बेला झोलाधनी स्वयं घटनास्थलमा आईपुग्नु भएको हो। प्रहरीका अनुसार उक्त झोला तालवराही माविमा निर्वाचनका लागि खटिएका कर्मचारी चेतबहादुर कार्कीको रहेको पुष्टि भएको छ। उहाँ पोखरा महानगर पशु सेवा कार्यालय, विरौटामा कार्यरत कर्मचारी हुनुहुन्छ। हतारमा झोला पसलमा राखेर 'बेलुका आउँछु' भन्दै निस्किएका कार्की सामाजिक सञ्जालमा सोही क्षेत्रमा शंकास्पद झोला भेटिएको खबर देखेपछि झोला खोज्दै पसलमा फर्किनु भएको हो। कास्की प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार झोलामा बम नभई पशु कृत्रिम गर्भाधान (आर्टिफिसियल इन्सेमिनेशन) का लागि प्रयोग हुने लिक्विड नाइट्रोजन रहेको पुष्टि भएको छ। "निस्तेज पार्ने अन्तिम तयारी भइरहेका बेला झोलाधनी आएपछि झोला परीक्षण गर्दा बम नभएको पुष्टि भयो," बस्नेतले जानकारी दिनुभयो। पशु प्राविधिक सुरेश श्रेष्ठका अनुसार उक्त लिक्विड नाइट्रोजन माइनस १९६ डिग्री सेल्सियस तापक्रममा रहने पदार्थ हो, जुन वीर्य सुरक्षित राख्न प्रयोग गरिन्छ। "रेफ्री (नाइट्रोजन राख्ने भाँडो) ठोक्किए वा घोप्टिएमा ग्यास बाहिर निस्कन सक्छ, तर यसले विष्फोट वा क्षति पुऱ्याउँदैन," उहाँले स्पष्ट पार्नुभयो। झोलाधनी कार्कीले

बाँकी अन्तिम पृष्ठमा ▶▶



# कास्कीका सबै मतदान केन्द्रमा पुग्यो निर्वाचन सामग्री

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कास्की जिल्लाका ३६५ वटै मतदान केन्द्रमा निर्वाचन सामग्री पुगेको छ । प्रदेश निर्वाचन कार्यालय पोखराले सोमबार सबै केन्द्रका लागि मतपत्रसहितका निर्वाचन सामग्री पठाइसकिएको जनाएको छ।



सम्बन्धित मतदान केन्द्रका मतदान अधिकृत र सहायक मतदान अधिकृतले निर्वाचन कार्यालयबाट मतदान सामग्री बुझ्रेर गएको प्रदेश निर्वाचन अधिकारी नारायण ढकालले बताउनुभयो । "कास्कीमा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएर मतदान गर्न मात्र बाँकी छ । मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतपत्रसहितका सामग्री बुझ्रेर मतदान केन्द्रमा पुग्नुभएको छ । जिल्लामा शान्ति, सुरक्षालगायत केही समस्या छैन । मतपत्र ढुवानी र मतगणनासम्मको तयारी गरिएको छ", प्रदेश निर्वाचन अधिकारी ढकालले भन्नुभयो । पोखरा-३२ स्थित चन्द्रज्योति आधारभूत विद्यालय मतदान केन्द्रका मतदान अधिकृत गुणराज अधिकारीले आफूहरु सोमबार साँझ नै सम्पूर्ण सामग्रीसहित मतदान केन्द्रमा आइपुगेको बताउनुभयो । उहाँले निर्वाचन गराउन उच्च मनोबलका साथ उत्साहित भएर लागिरहेको बताउनुभयो । "निर्वाचनलाई लिएर हामी उत्साहित छौँ, कर्मचारी र सुरक्षाकर्मीको हाम्रो टोली मतदान केन्द्रमा आइपुगेका छौँ । मङ्गलबार र बुधबार मतदान केन्द्रमा गर्नुपर्ने सूचना टाँस, सर्वदलीय बैठकलगायतका काम गर्छौं", अधिकारीले भन्नुभयो । कास्कीमा १५३ मतदानस्थल र ३६३ मतदान केन्द्र र दुईवटा अस्थायी मतदान केन्द्र गरी ३६५ मतदान केन्द्रमा दुई हजार १९० कर्मचारी खटिनेछन् । मतदान अधिकृतले मतदान केन्द्रमा चुनावका दिनका लागि तीन जना स्वयंसेवक नियुक्त गर्न सक्ने व्यवस्था छ । निर्वाचनका लागि कर्मचारी खटनपटन निर्देशिकाअनुसार ५०० भन्दा कम मतदाता भएको मतदान केन्द्रमा पाँच जना कर्मचारी रहेका छन् । जसमा एक जना मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, तीन सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारी रहनेछन् । त्यसैगरी, मतदान केन्द्रमा एक हजार ९२ जना स्वयंसेवक खटाइने प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । निर्वाचन कार्यालयका अनुसार कारागारका कैदीबन्दीका लागि कारागारमा मतदान केन्द्र तोकिएको छ । त्यसैगरी, मतदानमा नखटिने कर्मचारीका लागि जिल्ला समन्वय समितिमा रहने मतदान केन्द्रमा कर्मचारीले समानुपातिकतर्फ मत दिनेछन् । जिल्लामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी ४९ जना उम्मेदवार मैदानमा छन् । त्यसैगरी, मतदाता सङ्ख्या तीन लाख आठ हजार ५७२ जना र दुई हजार ८६१ जना अस्थायी मतदाता छन् । यसमा महिला ७२० र पुरुष दुई हजार १४१ छन् ।



तालबाराही मन्दिर : पोखराको महत्वपूर्ण गन्तव्य फेवातालको बीच भागमा अवस्थित तालबाराही मन्दिरको दर्शन गर्न डुङ्गा सयर गर्दै भक्तजन । धार्मिक एवम् पर्यटकीय स्थल यो मन्दिरमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आर्षण बढेको छ । तस्बिर : हरिप्रसाद बास्तोला / रासस

# राष्ट्रिय परिचयपत्र वा राहदानी पनि मतदानमा मान्य हुने

**रासस**
काठमाडौं, १९ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न मतदाताले आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र साथै लिएर मतदान केन्द्रमा जानुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

यही फागुन २१ गते हुने निर्वाचनमा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपुर्जा वा सवारी चालक अनुमतिपत्र पनि मतदानका निम्ति मान्य हुने आयोगले बताएको छ । आयोगले सार्वजनिक गरेको अन्तिम मदाता नामावलीमा नाम भएका र यही फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताले निर्वाचनमा तोकिएको मतदान केन्द्रमा गई मतदान गर्न पाउनेछन् ।

# सशस्त्र प्रहरीद्धारा मदिरा नियन्त्रणमा लिएको

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

कास्की रुपा गाँउपालिका वडा नं.- ७ स्थित दाङसिङ मराङमा पोखराबाट रुपा जादै गरेको ग३च ६४३२ नम्वरको जिपबाट पसलमा बिक्रीको लागि झार्दै गरेको अवस्थामा ८ काटुन कर्णाली स्याउ नामको मदिरा (अन्दाजी मूल्य ७०००) बराबरको मदिरा नेपाल कालिका गण हेडक्वाटर कास्की पोखरा मालेपाटनबाट निर्वाचनको लागी रुपा गाँउपालिकामा खटिएको सप्रनानि बसन्त ब. बुढाथोकीको टोलीले नियन्त्रणमा लिई निर्वाचन सुरक्षाको लागि रामकोट मावि रूपा गा.पा.-७ मा खटिएको नेपाल प्रहरीको जिम्मा लगाएको छ ।




आसन्न प्रतिनिधि सभाको निर्वाचन २०८२ को मिति नजिकिदै गर्दा आचार संहिता विपरित कुनै पनि कार्य भएमा त्यसलाई कानुन बमोजिम नियन्त्रणमा लिने र सम्बन्धीत निकायमा बुझाउने कार्य निर्वाचन सुरक्षा निर्देशिका-२०८२ बमोजिम नै कार्वाही गरिने गरिएको छ । निर्वाचनलाई स्वाच्छ, मर्यादित र भयरहित बातावरणमा सम्पन्न गर्नको लागी निर्वाचन आचार संहिता विपरितका कुनै पनि कार्य नगरि दिन हुन समेत सम्पुर्णमा अनुरोध गर्दछौ ।

# शंकास्पद ...

हतारका कारण झोला छाडेर जाँदा यस्तो अवस्था सिर्जना भएको भन्दै क्षमायाचना गर्नु भएको छ ्। यद्यपि, स्थानीयले भने जबरजस्ती झोला राखेर गएको भन्दै असन्तुष्टि व्यक्त गर्नु भएको थियो । झोला लिन आउनु भएएको कर्मचारी माथि हातपात गर्न खोज्दा सुरक्षाकर्मीले बचाउनु भएको थियो । घटनापछि झोला जिम्मा लगाइएसँगै क्षेत्रको अवस्था सामान्य बनेको छ । कास्की प्रशासनले निर्वाचनका क्रममा जिल्लामा सुरक्षा व्यवस्था चुस्त रहेको दोहोऱ्याउँदै कुनै पनि शंकास्पद वस्तु भेटिएमा तत्काल प्रहरीलाई खबर गर्न र राख्ने व्यक्तिको पहिचान सुनिश्चित गर्न आग्रह गरेको छ । एक छिनको असावधानीले पर्यटकीय क्षेत्र लेकसाइडमा तीन घण्टा त्रास फैलाएको यो घटनाले संवेदनशील समयमा सचेतना र जिम्मेवारी कत्तिको आवश्यक हुन्छ भन्ने पाठ पनि सिकाएको छ ।

# मध्यपूर्वको तनावले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेमा चिन्ता

**रासस**
काठमाडौं, १९ फागुन

इजरायल-अमेरिका र इरानबीचको तनावले नेपालको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेमा चिन्ता प्रकट गरिएको छ ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को आयोजनामा 'पश्चिम एसियाको द्वन्द्वः नेपालको अर्थतन्त्र र आपूर्ति व्यवस्थामा पार्ने प्रभाव' विषयक अन्तर्क्रियामा अर्थविद् तथा व्यवसायीले रोजगारी र आम्दानीमा दीर्घकालीन असर पर्नसक्ने औँल्याउनुभएको हो ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेलले उक्त द्वन्द्वका कारण नेपालको अर्थतन्त्रमा फेरि एकपटक चुनौती थपिएको बताउँदै यसले बाह्य मुलुकमा नेपालीको रोजगारीमासमेत असर पर्न सक्ने जोखिम रहेकाले रेमिट्यान्स, औषधि, पेट्रोलियम उत्पादनजस्ता अन्तरराष्ट्रिय वस्तु आपूर्ति, मूल्य वृद्धिमा प्रभाव पार्ने भएकाले यसलाई ध्यानमा राखेर काम गर्नुपर्ने बताउनुभयो ।

निर्वाचनपछि अर्थतन्त्रले लय समाउने अपेक्षा गरिएकामा यस द्वन्द्वले थप चुनौती थपेको बताउँदै उहाँले भन्नुभयो, "जेनजी आन्दोलनपछि अर्थतन्त्रलाई लयमा ल्याउन प्रयास भइरहेको थियो ।"

बैंकिङ प्रणलीमा अत्यधिक तरलता रहेको, बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम भएको र नयाँ सरकार आएपछि तरलता व्यवस्थापन हुने अपेक्षा गरिए पनि यो द्वन्द्वले चुनौती थपेको छ । नेपाल उद्योग वाणिज्य महासङ्घको पारवहन समितिका सभापति एवम् पेट्रोलियम व्यवसायी शिवप्रसाद घिमिरेले द्वन्द्वका कारण एकातर्फ उत्पादन घटेर जाने, आपूर्ति शृङ्खलामा पनि समस्या पैदा गर्ने, अभावको त्रास फैलने जानकारी दिँदै तत्काल पेट्रोलियम पदार्थ अभावको स्थिति सिर्जना नहुने बताउनुभयो ।

अर्थविद् रविशङ्कर सैंजुले मध्यपूर्व तथा पश्चिम् एशियामा हाल चर्किएको द्वन्द्वबाट देशको आर्थिक तथा सामाजिक जीवनमा गहिरो प्रभावपर्ने उल्लेख गर्दै त्यसको विकल्पमा राष्ट्रिय उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

नाफिजकी अध्यक्ष मेनुका कार्कीले द्वन्द्वले पेट्रोलियम पदार्थको मूल्य, खाद्य तथा अन्य उपभोग्य सामग्रीको आपूर्ति व्यवस्थाका साथै वैदेशिक लगानी, रेमिट्यान्स, रोजगारी, जिडिपीमासमेत ठूलो प्रभाव पार्नसक्ने सम्भावना रहेकाले सतर्कता अपनाउन सरकार संवेदनशील हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

# अस्पताल ...

अध्यक्ष वरिष्ठ अधिवक्ता सुरेन्द्र थापामगरले ३९ कर्मचारीबाट सुरु भएको अस्पतालमा हाल १२५ जना नेपाली दक्ष जनशक्ति कार्यरत रहेका जानकारी दिनुभयो। उहाँका अनुसार अस्पतालले हाल गण्डकी र कर्णालीमा २७ वटा उपचार केन्द्र र दुईवटा सहायक अस्पतालमार्फत सेवा दिइरहेको छ ।

क ा य ॅ त्र ऽ म म ा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अस्पतालको भौतिक विकासमा महानगरले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै यसलाई स्वास्थ्य पर्यटनसँग जोड्नुपर्ने बताउनुभयो । नेत्रज्योति सङ्घका केन्द्रीय अध्यक्ष प्रा डा चेतराज पन्तले पूर्वाधार विकासमा सरकारको सहयोग आवश्यक भएको बताउनुभयो । सङ्घका उपाध्यक्ष प्रा डा दिलबहादुर क्षेत्री, महासचिव भरतबहादुर चन्दलगायतले अस्पतालको सेवा विस्तारलगायतका विषयमा जानकारी गराउनुभयो ।

कार्यक्रममा उत्कृष्ट कर्मचारीका रूपमा डा अनिल पराजुली, अनुप सुवेदी, उमा सुनुवार र विकल श्रेष्ठलाई सम्मान गरिएको थियो । त्यस्तै विभागतर्फ जनरल ओपिडी भिजन एण्ड रिफ्याक्सन युनिटलाई पुरस्कृत गरिएको थियो । अस्पतालमा लामो समय योगदान दिने कर्मचारी गोविन्दनाथ योगी, मन्जु आचार्य, गोविन्दराज बड्डू, विजय पौडेल, शशिकमला लामिछाने, तेजबहादुर गुरुङ, रीना गुरुङ, धर्मेन्द्रकुमार घोडासैनी, रुपसिंह बोहोरा, दीप गुरुङ, तस्बिरन मियाँ, दीपिका गुरुङ र दीपा शाहीलाई पनि सम्मान गरिएको अस्पताल प्रशासनले जनाएको छ ।

# निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न आग्रह

**रासस**
काठमाडौं, १९ फागुन

निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल) ले सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, समर्थक तथा आमनागरिकलाई निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न आग्रह गरेको छ ।

बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण गरिरहेको इओसी नेपालले आज विज्ञप्ति जारी गरी स्वतन्त्र, स्वच्छ, विश्वसनीय तथा धाँधलीरहित रूपमा निर्वाचन सम्पन्न गराउने कार्यमा सहयोगका लागि आग्रह गरेको हो ।

गएराति १२ बजेदेखि मौन अवधि सुरु भए पनि डिजिटल प्लेटफर्म तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसारजन्य सामग्री प्रकाशन तथा प्रसारण गर्ने गरेको पाइएको जनाउँदै इओसीले त्यस्तो कार्य नगर्न नगराउन सचेत गराएको छ । "गएरातिदेखि नै मौन अवधि सुरु भइसकेको छ । त्यसैले उम्मेदवार, दलको पक्षमा मत प्रभावित गर्ने आशयका डिजिटल सन्देश र भ्रामक सामग्रीको सेयर गर्नेलगायत गतिविधि आचारसंहिताविपरीत हो । त्यस्ता गतिविधिको निरन्तरताले निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना दोहोरिरहेको अवस्था छ । यसमा सबै गम्भीर बनौँ", विज्ञप्तिमा भनिएको छ ।

विगतका निर्वाचनमा जस्तै यस पटक पनि देशभर दीर्घकालीन र अल्पकालीन गरी सात सय जना राष्ट्रिय पर्यवेक्षक परिचालन गरिएका छन् । विगतको निर्वाचनको तुलनामा यस पटक सामाजिक सञ्जालको व्यापक प्रयोग भएकाले त्यसको दुरुपयोग गरी निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनसक्ने भन्दै सुक्ष्म पर्यवेक्षण भइरहेको इओसी नेपालले जनाएको छ । केन्द्रिय कार्यालयमा विशेष प्राविधिक टोलीको व्यवस्था गरी विभिन्न सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट भएका आचारसंहिता उल्लङ्घनका घटनाको पर्यवेक्षण भइरहेको विज्ञप्तिमा उल्लेख छ ।

संस्थाका उपाध्यक्ष बद्रीप्रसाद शिवाकोटीले निर्वाचन सुरु हुन अब एक दिन र केही घण्टा मात्र बाँकी रहेको अवस्थामा निर्वाचन आयोग, नेपाल सरकारलाई आचारसंहिता विपरितका गतिविधि रोक्न र सम्पूर्ण निर्वाचन प्रक्रियाको कडाइका साथ निगरानी तथा पालना गराउन आग्रह गर्नुभयो । उहाँले सुरक्षाका सम्भावित चुनौतीलाई आँकलन गरी सुरक्षा व्यवस्थापन चुस्त बनाउन पनि आग्रह गर्नुभएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

तिमी समस्यावाट भाग्न सक्दैनौ किनाकि त्यसवाट भागेर जाने कुनै ठाउा छैा।
- अंकल रेमस

**सम्पादकीय**

# मौन अबधिको पालना होस

प्रतिनिधिसभाको निर्वाचनका लागि सोमबार रातिदेखि मौन अवधि सुरु भइसकेको छ। मतदान शुरु हुनु ४८ घण्टा मौन अबधि रहन्छ ।निर्वाचन प्रक्रियाको यो संवेदनशील चरण मतदाताले शान्त वातावरणमा सोचविचार गरी आफ्नो मताधिकार प्रयोग गर्न पाउने सुनिश्चितताका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । प्रचारप्रसार, र्‍याली, सभा, जुलुस र सार्वजनिक अपिलहरू रोकिएपछि मतदाता दल र उम्मेदवारका नाराभन्दा पर रहेर आफ्नै विवेकले निर्णय गर्न सक्षम हुन्छन् । तर, विडम्बना, व्यवहारमा मौन अवधि जति संवेदनशील छ, त्यति नै विवादास्पद पनि बन्दै आएको छ।

नेपालको निर्वाचन कानुनले मौन अवधिलाई स्पष्ट रूपमा परिभाषित गरेको छ। निर्वाचन आयोगद्वारा जारी निर्देशिका तथा निर्वाचन आयोग ऐन, २०७३ र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ मा मतदान हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि लागू हुने व्यवस्था छ। यस अवधिमा कुनै पनि उम्मेदवार, राजनीतिक दल वा तिनका प्रतिनिधिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मत माग्न, प्रचार सामग्री वितरण गर्न, सामाजिक सञ्जालमार्फत अपिल गर्न वा मतदातालाई प्रभाव पार्ने गतिविधि गर्न पाइँदैन। उल्लंघन गरेमा जरिवाना, उम्मेदवारी खारेजी वा अन्य कानुनी कारबाहीसमेत हुन सक्छ।

कानुनी प्रावधान स्पष्ट हुँदाहुँदै पनि मौन अवधिमै अत्यधिक चलखेल हुने गरेको यथार्थ लुकाइएको छैन। सामाजिक सञ्जालमार्फत लक्षित प्रचार, भ्रामक सूचना र नियोजित दुष्प्रचार, घरदैलोका नाममा गोप्य भेटघाट, आर्थिक प्रलोभन, भोजभतेर वा उपहार वितरणजस्ता गतिविधि मौन अवधिको मौनतालाई भंग गर्ने प्रमुख माध्यम बनेका छन्। सामाजिक सञ्जालमार्फत लक्षित प्रचार, भ्रामक सूचना र नियोजित दुष्प्रचार आयोग यस्ता क्रियाकलाप रोक्न चुकिरहेको अवस्था छ । मौन अवधि लोकतान्त्रिक संस्कृतिको परीक्षण हो। प्रचारको कोलाहलपछि मतदातालाई विचारको समय दिनु यसको मूल उद्देश्य हो। यदि, यही समयमा उम्मेदवार वा दलहरूले अप्रत्यक्ष रूपमा मतदातालाई प्रभाव पार्ने प्रयास गरे भने त्यसले चुनावी प्रतिस्पर्धालाई असमान बनाउँछ । आर्थिक रूपमा सशक्त उम्मेदवारले गोप्य प्रचारमार्फत अतिरिक्त लाभ लिन सक्छन्, जसले निष्पक्षताको सिद्धान्तमाथि प्रश्न उठाउँछ।

निर्वाचन आयोगले निगरानी संयन्त्रलाई सक्रिय, प्रविधिमैत्री र द्रुत प्रतिक्रियाशील बनाउनुपर्छ । साइबर अनुगमन कक्ष प्रभावकारी ढंगले सञ्चालन गरी सामाजिक सञ्जालमा हुने प्रचारको पहिचान र नियन्त्रण गर्नुपर्छ । स्थानीय प्रशासन, सुरक्षा निकाय र पर्यवेक्षकसँग समन्वय बढाई सूचनाको तत्काल आदानप्रदान सुनिश्चित गर्न आवश्यक छ । उल्लङ्घन देखिएमा ढिलाइ नगरी कारबाही प्रक्रिया अघि बढाउनुपर्छ किनकि दण्डहीनताले नै उल्लङ्घनलाई प्रोत्साहित गर्छ। निर्वाचनलाई निष्पक्ष बनाउने जिम्मेवारी आयोग वा सरकारको मात्र होइन। राजनीतिक दल र उम्मेदवारहरूले पनि कानुनको मर्मलाई सम्मान गर्नुपर्छ। मतदाताहरू यसअवधिमा कसैको प्रलोभनमा नपरी वैयक्तिक स्वतन्त्रतामा अडिग रहनुपर्छ । मौन अवधिलाई कानुनी बाध्यता मात्र नभई लोकतान्त्रिक नैतिकताको रूपमा स्वीकार गर्नुपर्छ। मतदाताले पनि पैसाको लोभ, अफवाह वा दबाबबाट मुक्त रही आफ्नो विवेक प्रयोग गर्ने संस्कार विकास गर्न जरुरी छ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : अप्रत्यसित लाभ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शत्रुको भय | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : झमेला बड्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# बागलुङमा मतदानस्थलमा खटिए कर्मचारी

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन

बागलुङमा निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी निर्वाचन सामग्री बुझेर मतदान केन्द्रमा पुगेका छन् ।

दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा १०७ मतदातस्थलमा निर्वाचन सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी खटिएका मुख्य निर्वाचन अधिकृतको कार्यालयका प्रमुख सीता शर्मा अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारी, सुरक्षाकर्मीको टोलीसहित निर्वाचन सामग्री एकसाथ पठाइएको हो।

सोमबार साँझसम्म सबै मदनास्थलमा कर्मचारी पुगिसकेका जनाउँदै उहाँले निर्वाचन क्षेत्र नं १ मा ११५ मतदान केन्द्र र २ मा ११५ केन्द्र तोकिएको बताउनुभयो । यहाँ दुई अस्थायी मतदान केन्द्र पनि कायम गरिएको उहाँको भनाइ छ । बागलुङमा एक लाख ९३ हजार ३८१ जना मतदाता छन् ।

# सुरक्षा व्यवस्था चुस्त छ, निर्धक्क भएर मतदान गर्नुस्ः सुरक्षा फौज

**रासस**
काठमाडौं, १९ फागुन

नेपाली सेनासहितका सुरक्षा निकायले सुरक्षा व्यवस्था चुस्त तुल्याइएका निर्धक्क भएर प्रतिनिधिसभा सदस्य निर्वाचनमा सरिक हुन आममतदातालाई अनुरोध गरेका छन् ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले एकीकृत सुरक्षा अवधारणाअनुरूप सबै निकायसँग समन्वय र सहकार्य गरी निर्वाचनलाई सुरक्षित तरिकाले सम्पन्न आवश्यक तयारी र तैनाथी भइसकेको स्पष्ट पार्नुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा आज रासससँगको कुराकानीमा उहाँले सुरक्षित वातावरणमा निर्वाचन सम्पन्न गराउन नेपाली सेनासहितका सुरक्षा फौज परिचालित भई कार्य क्षेत्रमा खटिइसकेको बताउनुभयो । यही फागुन २१ गते मुलुकभर एकैचरणमा प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धानका कर्मचारी र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् । नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले देशभरका सबै मतदान स्थलमा निर्वाचन अधिकृत, निर्वाचन सामग्रीसहित नेपाल प्रहरीको टोली पुगिसकेको जानकारी दिनुभयो । मौनअवधिमा निर्वाचन विरोधी गतिविधि गर्ने, सामाजिक सञ्जालको दुरूपयोगलगायतका गतिविधि रोक्न सम्पूर्ण प्रहरीलाई विशेष निर्देशन दिइएको जानकारी दिँदै उहाँले त्यस्ता गतिविधिमा लाग्ने व्यक्तिको पहिचान, नियमन र नियन्त्रण गरी संलग्नलाई कारबाही गर्न खटाइसकेको बताउनुभयो ।

प्रवक्ता काफ्लेले निर्धक्क भएर अमूल्य मत दिन आग्रह गर्नुभयो । उहाँका अनुसार देशभर २०० को सङ्ख्यामा रहेका साइबर प्रहरीले सामाजिक सञ्जालको निगरानी गरी त्यसखालको दुरूपयोग हटाउन सक्रिय रहेका छन् । त्यसक्रममा ३४ जना पक्राउ परेका छन् । निर्वाचन विरोधी गतिविधिमा संलग्न पनि धमाधम पक्राउ परिरहेको प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्ट चारवटै सुरक्षा निकाय निकाय समन्वयात्मकरूपमा परिचालित भई सुरक्षा व्यवस्था मजबुद बनाइएको बताउनुभयो । "धेरै स्थानमा गस्ती तथा 'चेकप्वाइन्ट'मार्फत निर्वाचन विरोधी गतिविधि रोक्न परिचालित भएका छौँ", उहाँले भन्नुभयो । सूचनाको विश्लेषण गरी एकीकृत सुरक्षा योजनाअनुसार थप सुरक्षा व्यवस्था मिलाइएको जानकारी दिँदै प्रवक्ता भट्टले ढुक्क भएर आफ्नो मताधिकार प्रयोग गर्न अनुरोध गर्नुभयो। एक सय ६५ वटै निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरीको सुरक्षा वेस स्थापना भएका छन् । फागुन ७ गतेदेखि सबै क्षेत्रमा नियमित गस्ती टोली खटिइएका छन् । यसअघिको निर्वाचनको संवेदनशीलता हेरेर सुरक्षा विश्लेषण गरी मजबुत तुल्याइएको प्रवक्ता भट्टले जानकारी दिनुभयो । यस्तै सीमावर्ती क्षेत्रमा हुनसक्ने अवाञ्छित गतिविधि रोक्न विशेष निगरानी गरिएको र गए रातिदेखि अन्तरराष्ट्रिय सीमानाका बन्द भएको उहाँले जानकारी दिनुभयो ।

यसैबीच, मतदान कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मीसहितको टोली आज मतादन केन्द्र व्यवस्थापनमा जुटेको छ । निर्वाचनका लागि प्राप्त निर्वाचन सामग्री र स्थानीय स्रोतसाधन सङ्कलन गरी मतदान केन्द्र र मतदान स्थल निर्माण गरिएको छ । कतिपय स्थानमा मंगलबार सर्वदलीय बैठकसमेत सम्पन्न भएका छन् । काठमाडौँका मुख्य निर्वाचन अधिकृत चुरामन खड्काले मतदान केन्द्र निर्माण, सर्वदलीय बैठकलगायतका व्यवस्थापकीय काम धमाधम भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सम्पूर्ण मतदान अधिकृतले मतदान सामग्री सम्पूर्णरूपमा बुझिसकेका छन् । भोलि सबै मतदान केन्द्र तयार हुन्छन् । फागुन २१ गते बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म मतदान हुनेछ।"

# निर्वाचन अवधिभर नेपाल-भारत आवतजावतमा रोक

**रासस**
काठमाडौं, १९ फागुन

जिल्ला प्रशासन कार्यालयले भारतसँग सीमा जोडिएका स्थानमा निर्वाचन अवधिभर सीमाबाट आवतजावतमा रोक लगाएको छ।

प्रशासनले फागुन १८ गते मध्यराति फागुन २१ गते मध्यरातिसम्म नेपाल-भारत सीमाक्षेत्रको आवागमनमा रोक लगाएको हो । यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्ने उद्देश्यसहित सीमानाका पूर्ण रूपमा बन्द गरिएको प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले जानकारी दिनुभयो । पाँचथरको भारतको सिक्किम र पश्चिम बङ्गाल राज्यसँग करिब ४४ किलोमिटर सीमा जोडिएको भए पनि सीमानाका भने छैन। तर यहाँ दुवैतर्फका बासिन्दा पारिवारिक, व्यापारिक, पर्यटन तथा पशुचौपायाको चरिचरनका लागि सीमा वारपार गर्ने गरेका छन् । दुवैतर्फ पारिवारिक सम्बन्ध हुनाले नियमितजसो आवतजावत हुने गर्दछ।

# विद्यार्थीको प्रतिभाले उज्यालिएको बाल कल्याण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



पोखरा महानगरपालिका-१३ स्थित बाल कल्याण हाई स्कुलको परिसर हालै उत्सवमय बन्यो । वार्षिक सांस्कृतिक कार्यक्रम २०८२ को अवसरमा गीत-संगीत र नृत्यमा समेत आफ्नो असाधारण प्रतिभा प्रस्तुत गर्दै उपस्थित सबैलाई मन्त्रमुग्ध पारे ।

विद्यालयका विद्यार्थीहरू प्रायः खेलकुदमा अब्बल मानिन्छन् । तर यसपटक उनीहरूले मञ्चमा देखाएको आत्मविश्वास, सुरिलो स्वर र लयबद्ध नृत्यले उनीहरू बहुआयामिक प्रतिभाका धनी भएको प्रमाणित गरेको छ। हरेक गीतमा उत्कृष्ट प्रस्तुति र हरेक नृत्यमा सजीव ऊर्जा देखिन्थ्यो । प्याब्सन केन्द्रिय कार्यसमितिका उपाध्यक्ष प्रेमप्रसाद सुवेदीले निजी विद्यालयहरूले सिर्जनशीलता र प्रतिस्पर्धात्मक क्षमताको विकासमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै बाल कल्याण हाई स्कुलको प्रगतिको सराहना गरे । विद्यालयका प्रिन्सिपल षडानन्द गौतमले विद्यालयको शैक्षिक उपलब्धि र आगामी योजनाबारे प्रकाश पार्दै अनुशासन, गुणस्तरीय शिक्षा र सहपाठ्य गतिविधिलाई सँगसँगै अघि बढाइएको बताए।

कार्यक्रममा अभिभावक तथा व्यवस्थापन समितिकी सदस्य अञ्जना दराईले मन्तव्य राख्दै विद्यालयले विद्यार्थीको समग्र विकासमा जोड दिएको प्रशंसा गरिन् । कार्यक्रममा विभिन्न विधाका उत्कृष्ट विद्यार्थी सम्मान, १० वर्ष पुरा भएका शिक्षक सम्मान, शैक्षिक पुरस्कार वितरण तथा अतिरिक्त पुरस्कार कार्यक्रम सम्पन्न भयो।

बाल कल्याण हाई स्कूल व्यवस्थापन समितिका अध्यक्ष शोभालक्ष्मी पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कक्षा ८ मा अध्ययनरत रिसिका विकले स्वागत गरेको कार्यक्रममा कक्षा ९ मा अध्ययनरत सम्पूर्ण गुरुङले संचालन गर्दै उपस्थित सबैलाई मन्त्रमुग्ध पारेकि थइन् । सांस्कृतिक झाँकी, देशभक्तिपूर्ण गीत, लोकनृत्य र आधुनिक प्रस्तुतिहरूले कार्यक्रमलाई बहुरंगी बनायो। अभिभावकहरू आफ्ना छोराछोरीको प्रतिभा देखेर भावुक र गर्वित देखिएका विद्यालयकी शिक्षिका मिन माया तामाङले पोखरापत्रलाई वताइन् ।

# दिवङ्गत अभिभावकका स्मृतिमा पाँच लाखको अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ फागुन



रघुगङ्गा गाउँपालिका-१ बेगको स्वास्थ्यचौकीमा एक दम्पतीले दिवङ्गत अभिभावकको स्मृतिमा रु पाँच लाखको अक्षयकोष स्थापना गर्नुभएको छ।

बेगखोला घर भई हाल बेलायतमा कर्मथलो बनाउनुभएका नगेन्द्र पाइजा र उहाँकी श्रीमती लक्ष्मीदेवीले विपन्न वर्गहरूलाई लक्ष्य गरी स्व पिता जसबहादुर पाइजा र आमा मनिषा पाइजाको स्मृतिमा अक्षयकोष स्थापना गर्नुभएको हो । जन्मथलो आउनुभएका पाइजा दम्पतीले बेग स्वास्थ्यचौकीका व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष बिलप्रसाद फगामीलाई अक्षयकोषको रकम हस्तान्तरण गर्नुभएको थियो।

उक्त रकमको ब्याजबाट स्वास्थ्यचौकीमा उपचारका लागि आउने विपन्नहरूको थप उपचारका लागि सहयोग गरिने वडाध्यक्ष फगामीले बताउनुभयो । उहाँका अनुसार थप उपचारका लागि बजारका अस्पतालमा जानुपर्ने विपन्नहरूका लागि यातायात खर्च, दुर्घटना, विपद् प्रभावितहरूलाई आकस्मिक अवस्थामा अक्षयकोषको रकम परिचालन गरिने भएको छ।

# 'उडान अनिश्चत भएपछि न भोट हाल्न पाइने भो, न विदेश जान'

**मधु शाही**
काठमाडौं, १९ फागुन/रासस

देश निर्वाचनको सम्मुखमा छ । काठमाडौँबाट मतदान गर्ने उत्साह बोकेर घर फर्किनेहरू बढ्दैछन्, तर इटहरीका सन्तोष तामाङ भने हातमा पासपोर्ट र हवाई टिकट बोकेर चार दिनदेखि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको चक्कर लगाइरहनुभएको छ। दिनहुँ विमानस्थल पुग्नुहुन्छ, उडान रद्ध भएको सूचना पाएसँगै निराश भएर फर्किनुहुन्छ।

रोमानीयामा रोजगार गर्दै आउनुभएका तामाङ दुई महिनाको घर बिदा सकेर पुनः उतै फर्किने लाग्नुभएको छ। युद्धको प्रभावले गर्दा विमान रद्ध भएपछि उहाँ चार दिनदेखि विमानस्थल धाइरहनुभएको छ । "उडान अनिश्चित भएकाले घर फर्किने स्थिति छैन । हरेक २४ घन्टामा विमान उडानको स्थिति बुझ्नुपर्छ। यस्तो अवस्थामा न भोट हाल्न घर जान पाइने भयो, न उडान नै । निकै फसादमा छु", उहाँले गुनासो गर्नुभयो।

कैलाली टीकापुरका प्रदीप रावलको नियति पनि त्यस्तै छ । उहाँलाई बिदाइ गर्न आमा र हजुरआमा चार दिनअघि विमानस्थल आउनुभएको थियो। "छोरो विदेश बिदाइ गर्दा आमा रुदैँ जानुभयो, म यहीँ छु", उहाँले भन्नुभयो,"घरै फर्के भन्नुहुन्छ, भोट हाल्न मन छ, तर यता उडान छुट्ने डर पनि छ।" रावलले देशको प्रतिनिधि चुन्न पाउने नैसैर्गीक अधिकारको सदुपयोग गर्ने चाहना हुँदाहुँदै परिस्थितिका कारण काठमाडौँमै अल्झिनुपरेको छ। "पहिला विदेशमा दिएँ, अहिले स्वदेशमै हुँदा नि भोट हाल्ने अवसर जुरेन । निकै दुःख लागेको छ।" तामाङ र रावल मात्र होइन, अमेरिका-इजराइल र इरानबीचको द्वन्द्वपछि मध्यपूर्वस्थित खाडीमुलुकमा जाने धेरै नेपाली प्रभावित भएका छन् । विदेशमा रहेका नेपाली कसरी सुरक्षित हुने भनेर तनावमा छन्, भने नेपालबाट विदेश जाने तयारीमा रहेकाहरू विमान उडान हुने हो कि नहुने हो भनेर। भोजपुरका कुलबहादुर विश्वकर्माले त सोमबार दुवई पुगिसक्नुपर्ने समयसीमा थियो, तर त्यहाँ कहिले पुग्ने हो टुङ्गो छैन। एकातिर काम गर्ने ठाउँ पुग्न पाइएको छैन, अर्कोतिर देशमै भए पनि भोट हाल्न नपाउँने भए पनि उहाँमा तनावमाथि तनाव छ। "भोट हाल्न मन त थियो, तर घर आउँदा जाँदै दुई दिन लाग्छ । सबै मत हाल्न आआफ्नो घरतिर गएपछि मन खिन्न भएको छ", उहाँले भन्नुभयो। नेपाल वैदेशिक रोजगार सङ्घका अध्यक्ष भुवनकुमार गुरुङले भने युद्धका कारण केही उडान अनिश्चितकालीन रूपमा रद्ध भएका र तुरुन्तै खुल्ने सम्भावना नरहेकाले घर फर्किन आग्रह गर्नुहुन्छ । "उडान तुरुन्तै हुँदैन, ठुक्क भएर घर फर्किए हुन्छ", उहाँले भन्नुभयो,"यद्यपि, आफ्नो कम्पनीसँग सम्पर्क गरिरहनुपर्छ ।" नेपाल नागरिक उड्डयन प्राधिकरणको सूचनाअनुसार मध्यपूर्व क्षेत्रका कतार, युएइ, कुवेत, इरान, इराक, इजराइल, जोडन, लेबनान, बहराइनका विमानस्थल बन्द गरिएका छन् । नेपाल सरकारको तथ्याङ्कअनुसार खाडीमुलुकमा काम गर्न जाने श्रमिकको सङ्ख्या १९ लाख छ, जसमध्ये कतारमा तीन लाख ५७ हजार ९१३ छन् । ओमानमा २५ हजार, इजराइलमा छ हजार ५००, इरानमा छ जना, कुवेदमा एक लाख ७५ हजार नेपाली छन् । यसैगरी, बहराइनमा २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५ र संयुक्त अरब इमिरेट्समा सात लाख, लेवनानमा एक हजार ५०० इराकमा ३० हजार र साइप्रसमा १७ हजार नेपाली कामदार छन् ।

# प्रतिनिधिसभा निर्वाचनः तनहुँ, बागलुङ र म्यागदीमा मतगणनास्थल तयार

**पोखरापत्र संवाददाता**
फागुन, १९ फागुन



फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत तनहुँका दुवै निर्वाचन क्षेत्रमा मतगणनास्थल तयार गरिएको छ । मतदान सम्पन्न भएपछि मतगणना गरिने स्थानको टुङ्गो लगाएर आवश्यक व्यवस्थापन गरिएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार तनहुँ क्षेत्र नं १ को मतगणना मुख्य निर्वाचन अधिकृतको कार्यालयमा गरिनेछ भने क्षेत्र नं २ का लागि शुक्लागण्डकी नगरपालिकास्थित निर्वाचन अधिकृतको कार्यालयमा मतगणना गरिने छ । मतगणनास्थलमा आवश्यक सुरक्षा प्रबन्ध, सिसी क्यामेरा जडान, तारजाली, अवलोकनकक्ष तथा उम्मेदवार/प्रतिनिधि बस्ने व्यवस्था मिलाइएको जनाउँदै प्रजिअ तिवारीले मतपेटिका सुरक्षित रूपमा राख्नका लागि कडा सुरक्षासहितको कोठा तयारी गरिएको बताउनुभयो । दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको तनहुँको क्षेत्र नं १ मा एक लाख २६ हजार ८८२ र र क्षेत्र नं २ मा एक लाख २७ हजार ५१५ मतदाता कायम गरिएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले बताउनुभयो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले कारागार कार्यालय तनहुँ र कृषि विकास कार्यालय गरी जिल्लामा दुई अस्थायी मतदान केन्द्र तोकिएको जनाएको छ । निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीले समानुपातिकतर्फ मतदान गर्न सक्ने भएकाले सोका लागि अस्थायी मतदान केन्द्र बनाइएको उहाँले जानकारी दिनुभयो । बागलुङस्थित रासस समाचारदाताका अनुसार दुई वटा निर्वाचन क्षेत्र रहेको बागलुङमा दुईवटा मतगणनास्थल तारजाली र सिसी क्यामेरासहित तयार पारिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय बागलुङ बजार र निर्वाचन अधिकृतको कार्यालय रहेको ढोरपाटन नगरपालिका-२ कुथाप्लोमा मतगणनास्थल तयार गरिएको हो । प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनाका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय रहेको दुई स्थानमै फलामे तारजाली लगाइएको छ भने ध्वनिसहित भिडियो रेकर्ड गर्ने सिसी क्यामेरा राखिएको मुख्य निर्वाचन अधिकृत सीता शर्मा अधिकारीले जानकारी दिनुभयो । म्याग्दीस्थित रासस समाचारदाताका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनाका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले बेनीस्थित जिल्ला समन्वय समितिको सभाहलमा तारजाली लगाएर मतगणनास्थल तयार पारेको हो । मतगणनालाई व्यवस्थित, छिटो र सुरक्षित तवरले सम्पन्न गर्न मतगणनास्थललाई तारजाली, सिसीटिभी जडानलगायत कामह सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश सूर्यबहादुर थापाले जानकारी दिनुभयो । मतगणनास्थलमा तारजाली लगाउने, सुरक्षा पोस्ट र आवश्यक अन्य संरचना निर्माण गरिएको गणनास्थलमा सिसी क्यामेरासहित भरपर्दो सुरक्षाको प्रबन्ध मिलाइएको छ । मतगणनास्थलमा बाहिरबाट कोही पनि भित्र पस्न नसकुन भनेर तारजाली लगाइएको मुख्य निर्वाचन अधिकृत थापाले जानकारी दिनुभयो । मतगणनामा बस्ने उम्मेदवारका प्रतिनिधिहरूले बाहिरबाट भित्र मतगणना हेर्न मिल्ने गरी तारजाली लगाइएको सहायक निर्वाचन अधिकृत जगतबहादुर भण्डारीले बताउनुभयो । उहाँका अनुसार जिल्ला समन्वय समितिको कार्यालयका कोठाहरूमा मतपेटिका सङ्कलन गर्ने ठाउँसमेत तयार पारिएको छ । प्रतिनिधिसभामा एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा छवटा स्थानीय तह र ४५ वटा वडा रहेका छन् ।

यहाँ ८२ वटा मतदानस्थलमा सोमबार कर्मचारी र सुरक्षाकर्मी पुगेर मतदानको तयारी गरेका छन् । एक सय २२ मतदान अधिकृत, १२२ सहायक मतादन अधिकृतसहित एक हजार ७४ जना निर्वाचन कर्मचारी खटिएका छन् । एक स्वतन्त्रसहित १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । जिल्लामा ४२ हजार ३३२ पुरुष, ४४ हजार ६४ महिला र एक जना अन्य मतदाता रहेका छन् । कारागार र कर्मचारीहरूको समानुपातिक मतदानका लागि एक अस्थायी मतदान केन्द्र तोकिएको छ ।



तालबाराही मन्दिर : पोखराको महत्वपूर्ण गन्तव्य फेवातालको बीच भागमा अवस्थित तालबाराही मन्दिरको दर्शन गर्न डुङ्गा सयर गर्दै भक्तजन । धार्मिक एवम् पर्यटकीय स्थल यो मन्दिरमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आर्षण बढेको छ । तस्बिर : हरिप्रसाद बास्तोला / रासस

# एचपिभी खोप लगाउन स्वास्थ्यकर्मी घरघरमा

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन

यहाँका दुई हजार ३०२ जना किशोरीले पाठेघरको मुखको क्यासरविरुद्धको (एचपिभी) खोप लगाएका छन् । अघिल्लो वर्षबाट दिन थालिएको उक्त खोप यस वर्ष कक्षा ६ देखि १० सम्म अध्ययनरत र विद्यालय बाहिरका किशोरीले खोप लगाएका हुन् ।

यस वर्ष जिल्लाभर दुई हजार ३१३ जना किशोरीलाई एचपिभी खोप दिने लक्ष्य रहेको प्रदेश जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार बागलुङ नगरपालिकाका ५५६, गलकोटका २६८, जैमिनीका १५८, ढोरपाटन नगरपालिकाका ४१९ जना किशोरीले खोप लगाएका छन् । त्यस्तै काठेखोला गाउँपालिकाका १३५, तमानखोलाका १०१, ताराखोलाका ५५, निसीखोलाका २३५, बडिगाडका ३०९ र बरेङ गाउँपालिकाका ७३ जना किशोरीले एचपिभी खोप लगाएका घिमिरेले बताउनुभयो ।

विद्यालय जाने दुई हजार २७१ र विद्यालय नजाने १४ र छुटेका १७ जना किशोरीले यसपटक खोप लगाएको उहाँको भनाइ छ । गत वर्ष ११ हजार १७७ किशोरीले एचपिभी खोप लगाएका थिए । तोकिएको उमेर समूहका किशोरीलाई खोप लगाउनबाट नछुटाउनका लागि फागुनभित्र विद्यालय र घरघरसम्म पुग्न स्वास्थ्यकर्मी खटाइएको उहाँले बताउनुभयो ।

# मुस्ताङमा सबै तयारी पूरा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हिमाली जिल्ला मुस्ताङमा सबै तयारी पूरा भएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचनमा खटिने कर्मचारीलाई ५१ प्रकारका निर्वाचन सामाग्रीसहित सम्बन्धित निर्वाचन केन्द्रमा खटाइसकेको हो । माथिल्लो र तल्लो मुस्ताङसहित ३९ वटा मतदान केन्द्रका लागि कर्मचारी खटिएका मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक मतदान अधिकृत दिपेन्द्र पौडेलले जानकारी दिनुभयो । यसैबीच मुस्ताङका ३९ वटै मतदान केन्द्रमा सडकको पहुँच पुगेकाले मतदान कार्यक्रम र निर्वाचन सुरक्षाका लागि कुनै किसिमको असहजता नहुने जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । सोमबारदेखि हिमपात रोकिएपछि अवरुद्ध साङ्ता मतदान केन्द्रको सडक पनि सञ्चालन भएकाले मतदान तथा मतपेटिका सदरमुकाम ढुवानी गर्नमा समस्या नरहने उहाँले बताउनुभयो ।

# निर्वाचनका लागि उपत्यकाबाट बाहिरिँदै मतदाता

**रासस**
काठमाडौं, १९ फागुन

बिहिबार हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै काठमाडौँ उपत्यकाबाट बाहिरिने यात्रुको सङ्ख्या बढिरहेको छ । निर्वाचनका दिन आ-आफ्नो गृहजिल्लामा पुगेर मतदान गर्न सर्वसाधारण उपत्यका छाड्ने क्रम बढेको हो ।

ट्राफिक प्रहरी नायब उपरीक्षक सुनिलजङ्ग शाहले हालसम्म करिब सात लाख ५० हजारभन्दा बढी व्यक्तिले उपत्यका छाडिसकेको जानकारी दिनुभयो । "निर्वाचनका लागि उपत्यकाबाट बाहिरिने क्रम बुधबारसम्म जारी रहनेछ," उहाँले भन्नुभयो, "सार्वजनिक यातायातका साधनहरू खचाखच भरिएका छन् भने निजी सवारीसाधनको आवागमन पनि उल्लेख्य रूपमा बढेको छ ।"

यात्रुको चाप बढेसँगै मुख्य राजमार्ग, बसपार्क तथा उपत्यकाबाट बाहिरिने नाकाहरूमा सवारीसाधनको लामो लाम देखिएको छ । शाहका अनुसार यातायात व्यवस्थालाई थप सुरक्षित र व्यवस्थित बनाउन ट्राफिक प्रहरीको जनशक्ति वृद्धि गरिएको छ । "सवारीसाधनको चाप बढी हुने क्षेत्रमा अतिरिक्त ट्राफिक प्रहरी परिचालन गरिएको छ भने आवश्यकताअनुसार सवारीसाधनको चाप व्यवस्थापनका लागि नजिकका प्रहरी इकाइसँग समन्वय गरी निगरानी बढाइएको छ," ट्राफिक प्रहरी नायब उपरीक्षक शाहले भन्नुभयो, "निर्वाचन सुरक्षामा खटिएको प्रहरी टोलीले समेत यातायात व्यवस्थापनमा आवश्यक सहयोग गरिरहेको छ ।" यात्रुको सुरक्षालाई प्राथमिकतामा राख्दै राजमार्गहरूमा गस्ती बढाइएको र आवश्यकता अनुसारका क्षेत्रहरूमा विशेष निगरानी गरिएको प्रहरीले जनाएको छ । ट्राफिक प्रहरीले सर्वसाधारणलाई सुरक्षित र संयमित यात्रा गर्न, क्षमताभन्दा बढी यात्रु नचढाउन तथा ट्राफिक नियमको पालना गर्न आग्रह गरेको छ । साथै, लामो दूरीको यात्रा गर्दा सवारीसाधनको अवस्था जाँच गर्न र सडक अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न सुझाव दिइएको छ ।

# मध्यपूर्व युद्ध चर्कियो, क्षेत्रभरि विस्फोट र धम्की

**रासस**
काठमाडौं, १९ फागुन

अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएको आक्रमणपछि सुरु भएको युद्ध चौथो दिनमा झन् तीव्र बन्दै गएको छ ।

तेहरानदेखि खाडी राष्ट्रहरू, लेबनान, इजरायल र युरोपसम्म यसको प्रभाव फैलिएको छ । इरानले औद्योगिक र कूटनीतिक लक्ष्यहरूमा आक्रमण जारी राख्दै अमेरिका र इजरायलविरुद्ध 'नरकको ढोका' खुल्ने चेतावनी दिएको छ भने विभिन्न देशहरूमा विस्फोट, ड्रोन आक्रमण र सैन्य गतिविधि बढेको छ ।

मङ्गलबार तेहरानमा शक्तिशाली विस्फोटको आवाज सुनिएको एएफपी पत्रकारहरूले जनाएका छन्, यद्यपि के लक्ष्य थियो भन्ने तत्काल स्पष्ट भएको छैन । इरानले संयुक्त राष्ट्र सुरक्षा परिषद्समक्ष युद्ध रोक्न पहल गर्न आग्रह गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले परिषद्ले चाहेमा तत्काल कदम चाल्न सक्ने बताउनुभयो । यसैबीच, इरानको रिभोलुसनरी गार्ड्सले अमेरिका र इजरायलविरुद्ध थप कडा आक्रमण गर्ने चेतावनी दिएको छ । प्रवक्ता अली मोहम्मद नैनीले राज्य टेलिभिजनमार्फत 'शत्रुले निरन्तर दण्डात्मक कारबाही भोग्नुपर्ने' र 'नरकको ढोका झन् खुल्दै जाने' चेतावनी दिनुभयो ।

इजरायलले दक्षिण लेबनानमा रणनीतिक स्थानहरू नियन्त्रणमा लिन सेना अघि बढाएको छ । लेबनानी सैन्य स्रोतका अनुसार कफर किला र खियाम क्षेत्रतर्फ इजरायली सेना अघि बढेको छ । इजरायली प्रवक्ता एफी डेफ्रिनले आफ्ना बासिन्दा र सम्भावित खतराबीच 'बफर जोन' बनाउने उद्देश्य रहेको बताउनुभयो ।

खाडी क्षेत्रमा पनि तनाव चुलिएको छ । बहराइनको मनामा र कतारको दोहामा विस्फोट सुनिएको छ । ओमान, युएई र इराकमा ड्रोन आक्रमण भएका छन् । युएईको फुजैराहस्थित तेल क्षेत्रमा ड्रोनको भग्नावशेष खसेर आगलागी भएको छ भने ओमानको बन्दरगाहमा इन्धन ट्याङ्कीमा क्षति पुगेको जनाइएको छ, यद्यपि मानवीय क्षति नभएको बताइएको छ । साउदी अरबको रियादस्थित अमेरिकी दूतावासमा दुई ड्रोन प्रहार भई आगलागी भएको र साउदी विदेश मन्त्रालयले उक्त घटनाको निन्दा गरेको छ । तेहरानले आफ्नो प्रमुख आणविक स्थल नातान्जमा क्षति पुगेको पुष्टि गरेको छ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले उपग्रह तस्वीरका आधारमा भूमिगत संरचनामा क्षति देखिएको जनाएको छ, तर रेडियोलोजिकल असर नहुने बताएको छ ।

यस युद्धले विश्व बजारमा पनि प्रभाव पारेको छ । स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा अवरुद्ध भएपछि ब्रेन्ट क्रुडको मूल्य आठ प्रतिशतभन्दा बढी बढेर प्रतिब्यारेल ८५.१२ डलर पुगेको छ । यो जुलाई २०२४ पछिको उच्च स्तर हो । ऊर्जा र अमेरिकी डलरमा लगानी बढेपछि सुन चार प्रतिशतभन्दा बढी घटेर ५,०७५ डलर प्रति औंस र चाँदी १२ प्रतिशतभन्दा बढी घटेर ७८ डलर प्रति औंसमा झरेको छ ।

इरान रेड क्रिसेन्टका अनुसार युद्ध सुरु भएयता ७८० भन्दा बढी मानिसको मृत्यु भएको छ, यद्यपि स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । लेबनानमा कम्तीमा ३० हजार मानिस विस्थापित भएको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीले जनाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायती प्रधानमन्त्री किर स्टार्मरले बेलायती सैन्य आधार प्रयोग गर्न अनुमति नदिएको भन्दै अमेरिका-बेलायत सम्बन्ध 'पहिले जस्तो नरहेको' टिप्पणी गर्नुभएको छ । यसबीच फ्रान्सले संयुक्त अरब इमिरेट्समा आफ्ना राफेल लडाकू जेट तैनाथ गरेको छ । चीनले सबै पक्षलाई तुरुन्त सैन्य कारबाही रोक्न र होर्मुज जलडमरूमध्यको सुरक्षा कायम राख्न आग्रह गरेको छ । युद्धले क्षेत्रीय मात्र नभई, विश्वव्यापी स्थिरतामाथि गम्भीर चुनौती खडा गरेको विश्लेषण गरिएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९८९/०६/२१ गते

स्वर्गारोहणः २०८२/११/०९ गते

**स्व. शुभद्रा देवी मल्ल**

श्री कार्यसिद्धि विनायक भजन गुठी मोहरियाटोल पोखराका नायो एवम् पो.म.न.पा. वडा नं. २ का निवर्तमान वडा अध्यक्ष श्री रामेश्वर मल्ल तथा श्री कार्य सिद्धि विनायक गणेश मन्दिर जिर्णोद्धार समितिका कोषाध्यक्ष श्री जगदिश्वर मल्ल एवम् मुक्तिश्वर मल्लका ममतामयी माता **शुभद्रा देवी मल्ल**को ९४ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । स्वर्गीय आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आज १२ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विश्वहरि जोशी**
**अध्यक्ष**
**श्री कार्य सिद्धि विनायक गणेश मन्दिर जिर्णोद्धार समिति एवम् सम्पूर्ण भजन गुठी गुठीयार भाइ, पोखरा-२ मोहरिया टोल**